(दुई)




# तस्करी : वीरगन्जको त्रासदी

**वीरगन्जमा तस्करी छोटो समयमा अकूत सम्पत्ति कमाउन सकिने सबैभन्दा फलिफाप हुने पेसा बन्दै गएको छ। पैसाको बलमा राजनीति तथा राज्य-संयन्त्रमा बलियो प्रभाव पार्न सकिन्छ र सामाजिक प्रतिष्ठा पनि हासिल गर्न सकिन्छ।**

■ चन्द्रकिशोर

सरकारी कार्यालयमा कर्मचारीको ताल सबैतिर उस्तै त हो नि ! काठमाडौं- बाहिर भए साढे दस-एघार बजेतिर अफिस पुग्ने, गफ गर्ने, चिया खाने, क्यान्टिन जाने, एकछिन काम गरेजसो गर्ने र चार नबज्दै घरतिर हिँड्ने ।

तर वीरगन्जको एउटा सरकारी कार्यालयको कथा भिन्नै छ । दस बजे मात्र खुल्ने त्यस अफिसमा विहान नौ बजे नै सबै कर्मचारीहरू ड्यूटीमा पुग्छन् । दिनभर भ्याईनभ्याई काम गर्छन् । बेलुकी ६-७ नबजी कार्यालय छाड्दैनन् । उनीहरू कहिल्यै ओभरटाइम पनि खोज्दैनन् र बिदा पनि लिँदैनन् ।

यस्ता लगनशील र कर्तव्यनिष्ठ कर्मचारी भएको कार्यालय हो– वीरगन्ज भन्सार । भन्सार-प्रमुख ईश्वर पोखरेलका भनाइमा "अफिसको कामको चापले गर्दा कर्मचारीहरूले बढी समय दिएका हुन् ।"

तर मामिला त्यति सोझो रहेनछ भन्ने कुरा आफ्ना स्टाफबाट 'चीफ-साहेब' सम्बोधन गरिने भन्सार-प्रमुखको कार्यकक्षमा पुग्दा थाहा हुन्छ । बिहान नौ-सवा नौ बजेभित्रै प्रत्येक कर्मचारीले त्यहाँ पसेर आधा जीउ निहुऱ्याएर उनलाई नमस्कार गर्छ र मन्दिरबाट ल्याएको प्रसाद, तुलसीको पात टक्र्याउँछ । अतिशय विनम्रतापूर्ण यस्तो ढोगका बदलामा उसले त्यस दिन चीफ-साहेबबाट गतिलो फाँटको वरदानको आशा गरेको हुन्छ, जहाँबाट ६ महिनाको तलब-बराबरको कमाइ एकै दिनमा हुन सकोस् ।

"वीरगन्ज भन्सारमा जति राजस्व उठ्छ त्यसको १० प्रतिशत घूस उठ्छ," भन्सार क्लियरिङ एजेन्टहरूको केन्द्रीय संस्था भन्सार सेवा महासङ्घका अध्यक्ष काशीराज उपाध्याय भन्छन् । वीरगन्ज भन्सारमा आर्थिक वर्ष २०५७/५८ मा प्रत्येक महिना सरदर रु. ३६ करोड भन्सार उठेको थियो; काशीराजको भनाइलाई आधार मान्दा हरेक महिना रु. ३ करोड ६० लाख घूस उठेको अनुमान गर्न सकिन्छ । काशीराजका अनुसार, भन्सारबाट उठ्ने घुसको ५० प्रतिशत भन्सार प्रशासन, २५ प्रतिशत स्थानीय प्रशासन र २५ प्रतिशत रकम प्रहरी, पत्रकार तथा राजनीतिक दलहरूले महिनैपिच्छे बाँडेर

## तस्करी नियन्त्रणमा सेना

२०५७ चैत १ गते सेनाले वीरगन्ज क्षेत्रमा राजस्व गस्तीका रूपमा काम थालेपछि तस्करी निकै कम भएको छ। त्यसअघिका आठ महिनामा जम्माजम्मी रु. ५८ लाख मूल्यका तस्करी हुन लागेका सामानहरू पक्राउ परेका थिए भने चैत एक महीनाभित्रै रु. ४० लाख मूल्यका सामानहरू पक्राउ गरिएको थियो। यसले भन्सार राजस्व असूलीमा पनि वृद्धि भएको छ।

तर सेनाले चोरीनिकासी र थोरै सामानको भन्सार तिरेको प्रज्ञापनपत्रका आधारमा धेरै सामान ल्याएर हुने राजस्व चुहावट मात्र नियन्त्रण गर्न सक्छ। त्यसैले अब तस्करहरूले भन्सार कर्मचारीको सहयोगमा बढी मूल्यको सामानलाई कम मूल्यको देखाएर र भन्सारदर बढी भएको सामानलाई कम भन्सारदर भएको देखाएर राजस्व ठग्ने अर्को बाटो फराकिलो पार्न थालेका छन्।

लिने गर्छन्। "उनीहरू सबैले हरेक महिनामा आफ्नो भागमा परेको रकम लिन्छन्" महासंघका अध्यक्ष काशीराज भन्छन्।

घूस लेनदेन भएपछि तीन किसिमले भन्सार छलिन्छ :

- बढी मूल्यको सामानलाई कम मूल्यको देखाएर,
- भन्सारदर बढी भएको सामानलाई कम भन्सारदरको देखाएर,
- थोरै सामानको भन्सार तिरी धेरै सामान वारपार गरेर।

यस्तो धन्दा साना र मध्यम स्तरका तस्करहरूले एक्लाएक्लै चलाएका हुन्छन् भने ठूला तस्करहरूले समूहगत रूपमा सञ्चालन गर्छन् जसलाई उनीहरूको भाषामा सिन्डिकेट भनिन्छ। एउटा 'सिन्डिकेट' मा कम्तीमा आधा दर्जन ठूलठूला तस्करहरूको सहभागिता हुन्छ। वीरगन्जमा एकैचोटि चार पाँचवटा 'सिन्डिकेट' हरूले काम गरिरहेका हुन्छन्। तिनले पहिलो चरणमा स्थानीय प्रहरीप्रशासन, भन्सार गस्ती (भएको बखत), नाकाका प्रहरी र मध्यमाञ्चल राजस्व अनुसन्धान इकाइ (पथलैया) लाई, त्यसपछि परवानीपुर, जितपुर, सिमरा, पथलैया, रातोमाटे, गजुरी, नागढुङ्गा र थानकोटका प्रहरी चौकीहरूलाई तिनको हैसियतअनुसारको पैसा बुझाएर मुखबुजो लगाउँछन्। यसलाई उनीहरू 'लाइन क्लियर' भएको भन्छन्। लाइन 'क्लियर' भएपछि तिनले भन्सार छलेर जेजस्तो र जति सामान ओसारे पनि कसैले केही बोल्दैन, वीरगन्ज भन्सारपारिको 'माल' निर्बाध रूपमा काठमाडौँ उत्रन्छ।

लाइन 'क्लियर' गराउन तस्करसमूहबीच चर्को प्रतिस्पर्धा हुन्छ। पहिला लाइन खोलाउनेले बढी खर्च गर्नुपर्छ। सोबापत त्यस समूहका सदस्यहरूले

धेरै सामान ल्याउन पाउँछन्। लाइन खोलाउन पछि परेकाहरूले लाइन लिइसकेकाहरूबाट लाइन पाउनका लागि डाक बढाबढ पनि गर्छन्। लाइन क्लियर भएपछि पर्सा जिल्लाको बलिरामपुर, भिसवा, सिर्सिया, अलो, इनर्वा, भकुवा, छपकैया बजार तथा बाराको मटिअर्वा, सिमरौनगढ, कवहीगोठ आदि नाकाबाट पनि ढुक्कसँग तस्करी हुन्छ।

वीरगन्जका केही पत्रकारहरू सङ्गठित तस्करीविरुद्ध बेलाबेलामा सडकमा ओर्लने गरेका छन् र तिनले वीरगन्जमा पाँच पटकभन्दा बढी धर्ना दिइसकेका छन्। वीरगन्ज प्रेस क्लब, २०४२ का अध्यक्ष सुदर्शनराज पाण्डे पत्रकारले दिएका सुझावमाथि प्रहरी प्रशासनले ध्यान नदिएकाले क्लबले यस्ता कार्यक्रम गर्नु परेको बताउँछन्। यस्ता कार्यक्रम तस्करी नियन्त्रण होस् भनेर होइन, त्यसमा आफ्नो हिस्सा बढी होस् भनेर गरिएको आरोप कतिपय पत्रकारले लगाएका छन्। वीरगन्जको **रौतहट आवाज**का सम्पादकले आफू र अन्य पत्रकारहरूले तस्करबाट लाभ लिएको खबर पत्रिकामा छापेका थिए। काशीराज भन्छन्, "वीरगन्जका अधिकांश पत्रकारहरू हरेक महिना तोकिएको दिन भन्सार कार्यालय पुगेर ठेकिएको रकम बुझ्ने गर्छन्।"

वीरगन्जमा 'लाइन क्लियर' नगरीकनै पनि सामान तस्करी हुने गर्छ, जसमा साना तस्करहरू लागेका हुन्छन्। तिनले नेपाल-भारत सीमासँग जोडिएका वीरगन्जका १, २, १९ नं. वडा र सिर्सिया, खल्वाटोला, अलो जस्ता गाउँका बासिन्दाहरूलाई यस काममा उपयोग गर्छन्। टाउको वा साइकलमा बोकेर रक्सौल-वीरगन्जबीच सामान वारपार गराउने यी 'क्यारियर' हरू 'पोके तस्कर' भनेर चिनिन्छन्। सामानको मूल्यको ८ प्रतिशतसम्म पारिश्रमिक लिएर काम गर्ने उनीहरूको मुख्य पेसा यही हो। त्यसैले सरकारी अधिकारीहरूले तस्करीमा बाधा उत्पन्न गरेका खण्डमा ठूला तस्करहरूले पनि यिनीहरूलाई नै प्रयोग गरी तिनको घेराउ गराउँछन्।

मझौला र ठूला तस्करहरूका लागि भन्सार नतिरीकन सामान ओसारपसार गरिदिने 'क्यारियर' हरूको अर्को छुट्टै जमात छ। उनीहरू व्यापारीको अर्डरबमोजिम विभिन्न नाकाबाट बयलगाडा, टायरगाडा र ट्याक्टरमा भारतीय बजार रक्सौलबाट वीरगन्जसम्म सामान ओसार्छन्। त्यसमध्ये केही सामान तुरुन्तै ढुवानी 'ट्रान्सपोर्ट' सेवामार्फत काठमाडौं, नारायणघाट, पोखरा आदि सहरका व्यापारीहरूकहाँ पठाइन्छ भने बाँकी सामान केही अवधिका लागि वीरगन्जकै गोदामहरूमा राखिन्छ। वीरगन्जमा यस्ता सामान राख्ने झन्डै सयवटा गोदाम छन्। यिनीहरूले चाहिँ ढुवानी गरिएको सामानको

## अपराधीहरूको आरक्षण

एक दशकयता वीरगन्ज भारतीय अपराधीहरूको आरक्षणका रूपमा विकसित हुँदै गएको छ। यस अवधिमा भएका हत्या र अपहरणका ठूल्ठूला घटनामा तिनकै मुख्य हात रहेको पाइएको छ। रिस-ईबी साध्न आफ्ना नातेदार वा साथीभाइलाई हत्या गर्ने थलोको रूपमा पनि तिनले वीरगन्जको उपयोग गरिरहेका छन्। भारतमा भयानक अपराध गरेर यहाँ आई बस्ने अपराधी वा डाँकाहरूको सङ्ख्या पनि सानो छैन। यद्यपि वीरगन्जक्षेत्रमा नेपालीभन्दा भारतीय अपराधीहरू नै ठूलो समस्याका रूपमा रहेको बताउने पर्साका प्रहरी प्रमुख एस.पी. अर्जुनजङ्ग शाही भन्छन्– यहाँ सबैभन्दा बढी अपहरण हुन्छ। गएको पाँच वर्षभित्र ६४ वटा अपहरणका मामिला प्रहरीमा दर्ता भएका थिए, जसमध्ये ६१ जनालाई प्रहरीले उद्धार गरेको थियो भने एक जनाको लास फेला परेको थियो। बाँकी दुईको पत्तो लागेन। ती घटनाहरूमा संलग्न कुल ४० जना अपहरणकारीहरूको सूची पनि प्रहरीले सार्वजनिक गरेको छ जसमध्ये २१ जना भारतीय र १८ जना नेपाली रहेका छन्।

नक्कली रुपियाँको कारोबार यहाँको अर्को समस्या हो। हजार र पाँच सय रुपियाँ नेपाली तथा सय रुपियाँका भारतीय नक्कली नोटहरू वीरगन्जको बजारमा नपाइएको

प्रचलित बजारभाउको २५ प्रतिशतसम्म पारिश्रमिक व्यापारीहरूबाट पाउने गर्दछन्। त्यही रकमबाट वीरगञ्जदेखि काठमाडौंसम्म भेटी चढाइन्छ।

केही महिनाअघिसम्म पर्सामा कार्यरत प्रहरी उपरीक्षक श्यामकृष्ण कर्माचार्य भन्ने गर्थे, "पथलैयामा रहेको राजस्व अनुसन्धान एकाइले वीरगन्जबाट जाने सामानको बिल बीजक तथा प्रज्ञापनपत्र दरपीठ गर्ने हो भने यहाँ तस्करी हुन सक्दैन।" उनले एक कार्टुन मालको प्रज्ञापन पत्रको फोटोकपी देखाई १०० ओटासम्म कार्टुन ओसार्ने अवस्थातर्फ सङ्केत गरेका हुन्।

भन्सार चुहावट हुनुको मुख्य कारण भन्सार कर्मचारीले सामानको मूल्य आफैँ निर्धारण गर्नु पनि हो। गत वर्ष संशोधित भन्सार ऐनमा भन्सार विभागलाई आयातकर्ताले घोषणा गरेको बिल मूल्यको निरीक्षण, जाँच तथा अनुगमन गर्ने र मूल्य गलत पाइएमा दण्ड, जरिवाना र अन्य कारबाही गर्ने अधिकार दिएको छ तर भन्सारका कर्मचारीहरू त्यो काम नगरी आफैँ मूल्य निर्धारण गर्न अघि सर्छन्। गएको साउनदेखि वीरगन्ज भन्सारमा आसिकुडा प्रथा सुरु भएको छ। राम्ररी लागू गर्ने हो भने यो प्रथाले भन्सार महसुल बढी भएको वस्तुलाई महसुल कम भएको भनेर राजस्व छल्न दिँदैन। तर भन्सार जाँचकीहरू यसको विरोध गरिरहेका छन्।

दिनै हुँदैन। नेपाल राष्ट्र बैङ्क, वीरगन्ज शाखाका व्यवस्थापक चन्द्रशेखर अधिकारीको भनाइ छ– हरेक दिन केही न केही नक्कली नोट वाणिज्य बैङ्कहरूमार्फत यहाँ आइरहेको छ।

राजस्व नतिरी भारतीय नम्बर प्लेटका गाडी चलाउनु वीरगन्जका 'शक्तिशाली' हरूको सोख हो जसको अनुसरण अब निम्नमध्यमवर्गका मानिसले पनि गर्न थालेका छन्। चोरीका भारतीय गाडीहरू खरिद बिक्री गर्ने थलोको रूपमा पनि यस सहरले नाम कमाउँदैछ। केही महिनाअघिसम्म दिनहुँ चोरीका दुई-चारवटा गाडी यसरी बिक्री हुने गर्थे।

अवैध हातहतियार खरिदबिक्रीको धन्दा पनि यहाँ निकै बढिरहेको छ। तर कुन्नी के कारणले हो, पुलिसको रेकर्डमा त्यो फाट्टफुट्ट मात्र चढेको पाइन्छ। गएको पुस २० गते स्थानीय एभरेष्ट प्रिन्टिङ प्रेसबाट प्रहरीले विष्फोटक पदार्थका साथै निकै पेस्तोलहरू बरामद गरेको थियो। प्र.जि.अ. दोलखबहादुर गुरुङ भन्छन्- यताका दिनमा अवैध हातहतियारको कारोबार बढ्नुको कारणबारे अनुसन्धान भइरहेको छ। स्मरणीय के छ भने बितेका ८ वर्षमा यहाँ कुनै पनि प्रहरी प्रमुख एक वर्ष टिकेको छैन। यस अवधिमा यस जिल्लाले १६ जना प्रहरी प्रमुख बेहोरिसक्यो, जसमध्ये एक जनाको त कार्यभार सम्हालेको १३ दिनमै सरुवा भएको थियो।

प्रमुख भन्सार अधिकृत ईश्वर पोखरेल भन्सारमा घूस चल्छ भन्ने स्वीकार्दैनन्। "कसैले टिप्सका रूपमा दिँदो होला," उनी यति मात्र भन्न चाहन्छन्। राजस्वसमूहमा काम गर्ने कर्मचारीहरूले भन्सारमा खुवाइने घूसलाई अचेल टिप्स भन्ने गरेका छन्।

## सम्मानित धन्दा

तस्करहरू आफैं व्यापारी हुँदैनन्। उनीहरू व्यापारीका निम्ति मोटो पारिश्रमिक वा 'सेयर' लिएर काम गर्छन्। वीरगन्जमा लामो समयदेखि तस्करी चल्दै आएको भए पनि यो धन्दामा एउटै समूह वा व्यक्ति लामो समयसम्म संलग्न भएको पाइँदैन। तस्करीको संसारमा पुरानाहरू पलायन हुँदै र नयाँ व्यक्तिहरू देखा पर्दै जान्छन्। केही पहिलासम्मका नामुद तस्करहरू अहिले काठमाडौंमा बसेर धन्धा गर्छन् भने अन्य केहीचाहिँ वीरगन्जमै नवधनाढ्यका रूपमा स्थापित भएका छन्।

यहाँ तस्करी गरेर केही वर्षभित्रै करोडपति बन्नेहरू धेरै छन्। यस धन्दाबाट हुने *इजी मनी*को आकर्षणले अलिकति पूँजी र दुस्साहस भएका बेरोजगारहरू तस्कर गिरोह बनाउँछन्। वीरगन्जमा 'सबैभन्दा ठूलो तस्कर' मानिएको व्यक्तिले राजस्व छलेर व्यापार गर्न चाहने देशभरिकै व्यापारीको

## घूसको दरभाउ
### वीरगञ्ज भन्सारबाट सामान पैठारी गर्दा

| | | |
|---|---|---|
| (क) | भन्सार प्रज्ञापनपत्र दर्ता गर्न | |
| | भारतबाट झिकाइएको वस्तुमा | रु. २० |
| | तेस्रो मुलुकबाट झिकाइएका वस्तुमा | रु. ५० |
| (ख) | जाँचकी (प्रतिट्रक) | |
| | स्थानीय वस्तु | रु. १०० देखि २०० |
| | तेस्रो मुलुकको वस्तु | रु. २००० |
| (ग) | मालसामान ओसार्न (हरेकपल्ट) | |
| | ठेला गाडा | रु. ७० |
| | टायरगाडा | रु. १५० |
| | ट्रक | रु. २२० |
| (घ) | क्यास रसिद (तेस्रो मुलुक) | रु. १०० |
| (ङ) | हिसाब जाँचकी | रु. २० |
| (च) | सेवा शुल्क | |
| | प्रतिड्रम | रु. २० |
| | प्रतिकार्टुन | रु. २०-१०० |
| | प्रतिकन्टेनर | रु. १००० |
| (छ) | वस्तु मूल्याङ्कन (तेस्रो मुलुक) | |
| | प्रतिडकुमेन्ट | रु. १००० |

काम पाउँछ। यसै कारणले तस्करहरू आफू र आफ्नो गुटलाई अरूभन्दा शक्तिशाली भएको देखाउन खोज्छन्।

तस्करहरूको सङ्गठन एकदमै मजबुत हुन्छ। उनीहरू आफ्नो काममा बाधा पुऱ्याउने कसैका विरुद्ध पनि शक्ति प्रदर्शन गर्न चुक्दैनन्। २०५७ माघमा पर्साका प्रहरी एस्.पी. श्यामकृष्ण कर्माचार्य गस्तीको क्रममा इनर्वा जाँदा तस्करहरूले घेराउ गरेका थिए भने २०५७ मङ्सीरमा सीमाक्षेत्रमा गस्ती गर्न गएका भन्सार प्रमुख ईश्वर पोखरेललाई घेरेर चेतावनी दिएका थिए।

२०५७ असोजमा राजस्व अनुसन्धान विभागको एक विशेष कार्यदल पथलैयामा पाल टाँगेर बसेको थियो। त्यसले तस्करहरूलाई अप्ठ्यारो परेपछि उनीहरूले चक्काजाम गराएर सो कार्यदललाई एक महिनामै राजधानी

जान बाध्य पारेका थिए। अरू त अरू, भन्सारमा परिचालन गरिएको सेनालाई दबाब दिलाउन पनि तस्करहरू पछि हटेनन्। यसै वर्षको सुरुमा, सेनाले पक्राउ गरेका सामान छुटाउन छपकैयाका बासिन्दाहरूले घेराउ गरेका थिए। "तस्करहरूलाई पार्टीहरूले नै संरक्षण गरिरहेका छन्," नेपाली काङ्ग्रेसका कार्यकर्ता कन्हैयालाल केशरी भन्छन्, "आजसम्म वीरगन्जमा कुनै पार्टीले तस्करीको विरोध गरेको सुन्नुभएको छ ?"

राजनीति र प्रहरी प्रशासनमा तस्करहरूको प्रभाव एवं पहुँच आज पनि उत्तिकै छ जति पञ्चायतकालमा थियो। उनीहरूको सामाजिक प्रतिष्ठा र सम्मान बढ्दै छ। दस वर्ष अघि तस्कर भनेर चिनिनेहरू आजभोलि समाजमा प्रतिष्ठित भइसकेका छन्।

कन्हैयालाल भन्छन्,– "तस्करीमा कोही पनि सधैँका लागि लाग्दैन। गलत बाटोबाट पैसा कमाएपछि सबै जना त्यसलाई वैध बनाउने उपायतिर लाग्छन्। उनीहरू सामाजिक कार्यमा आर्थिक सहयोग गर्छन् र सामाजिक सम्मान हासिल गर्न थाल्छन्।" २०५० सालपछि वीरगन्जको तस्करीजगत्मा 'डन' भनेर चिनिएका मानिसलाई नेपाल प्रेस युनियनको २०५३ साउनमा वीरगन्जमा सम्पन्न महाधिवेशनले सम्मान गऱ्यो। नेपाल पत्रकार महासङ्घले अधिवेशनका लागि उनीबाट चन्दा लिएको थियो। कर्मचारी मिलन केन्द्रको भवन निर्माणमा सहयोग पुऱ्याएको भनी पर्साका तत्कालीन प्र.जि.अ. देवेन्द्रबहादुर सिंहले उनैलाई प्रशंसापत्र प्रदान गरेका थिए।

यस्ता धेरै व्यक्तिहरू वीरगन्जको राजनीति, समाजसेवा, सङ्घ-सङ्गठन, पत्रकारिता सबैतिर ससम्मान छाएका छन्। बुद्धिजीवी डा. मोहनप्रसाद लाखे भन्छन्, 'वीरगन्जेली समाजका लागि यो एउटा त्रास बनेको छ।

*देशान्तर साप्ताहिक (२०५८ भदौ ३ गते) मा प्रथमपटक प्रकाशित*